**श्री अमलडाँडा सामुदायिक वन उपभोक्ता समुह**
**सन्धिखर्क नगरपालिका वडा नं.४ वाङला अर्घाखाँची**

पत्र संख्या: २०८२/०८३
च.नं. ८

मिति:२०८३/०२/२०

**विषय: कार्यालयको वेभसाइटमा सूचना अपलोड गरिदिने सम्बन्धमा।**

श्री वन तथा वातावरण मन्त्रालय, रासी उपत्यका (देउखुरी), नेपाल ।
श्री वन निर्देशनालय, बुटवल, रुपन्देही।
श्री डिभिजन वन कार्यालय, अर्घाखाँची ।

उपरोक्त सम्बन्धमा यस समुहको स्वीकृत वन कार्ययोजना बमोजिम छपान भई डिभिजन वन कार्यालय अर्घाखाँचीको संकलन सहमति अनुसार संकलन भएको काठ/दाउरा समुह बाहिर लिलाम बिक्री गर्ने सिलसिलामा यस समुहबाट मिति २०८३।०२।२० गते देखि लागू हुने गरी पहिलो पटक लुम्बिनी राष्ट्रिय दैनिकमा पहिलो पटक २१ दिने सूचना समेत प्रकाशन भै सकेकोले सो सम्बन्धि पूर्ण विवरणको सूचना यसै पत्रसाथ संलग्न छ नियमानुसार कार्यालयको वेवसाईटमा अपलोड गरिदिनु हुन सादर अनुरोध छ ।

नेत्र वहादुर रायमाझी
(नेत्र वहादुर रायमाझी)
अध्यक्ष अध्यक्ष

CamScanner

(नेत्र बहादुर रायमाझी)
अध्यक्ष

## श्री अमलडाँडा सामुदायिक वन उपभोक्ता समुह
## सन्धिखर्क नगरपालिका वडा नं. ४, अर्घाखाँची
## काठ/दाउरा लिलाम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०८३/०२/२० (लुम्बिनी राष्ट्रिय दैनिक)

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना बमोजिम डिभजन वन कार्यालय अर्घाखाँचीबाट संकलन सहमति लिइ संकलन गरेको काठ दाउरा सन्धिखर्क न.पा. ४ मा रिठेखोला घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थाम छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजान पर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ । काठ दाउरा कारोवार गर्ने उद्देश्यले स्थायी लेखा नम्वर (PAN) र मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन सम्म दाखिला गर्न आहान गरिन्छ

| सि.नं. | जात | लट नं. | ग्रेड | गो.थान | घन फिट | न्यूनतम दररट प्रति इकाइ | कटान मुछान खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | खोटे सल्ला | १ | A | ० | ० | २५०/- | १५० प्रति घन फिट |
| | | | B | १३४ | ६०६.५३ | १५०/- | |
| | जम्मा | | | | | | |

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय २०८३/०३/०९ गते कार्यालय समय भित्र विदा परे सो को भोलिपल्ट ।

२. बोल पत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८३/०३/१० गते कार्यालय समयभित्र विदा परे सो को भोलिपल्ट ।

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु

क) समुहको कार्यालय ख) डिबिजन वन कार्यालय अर्घाखाँची

४. बोलपत्रसाथ कबोल गरेको रकम १०% ले हुन आउने रकम यस सामुदायिक वनको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सन्धिखर्क अर्घाखाँचीमा रहेको खाता नम्वर ३०५०१००००४४९९००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । बैंक ग्यारेण्टी कम्तिमा ६ महिनाको हुनुपर्नेछ ।

५. प्रति बोलपत्र वापत रु १०००/- (एक हजार रुपैयाँ मात्र) लाग्नेछ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरेपछि मात्र पाइनेछ ।

६. लिलाम हुने वन पैदावार सन्धिखर्क न.पा.४ रिठेखोलामा रहेको घाटगद्दीमा स्थलगतरुपमा हेर्न सकिनेछ ।

७. रितपूर्वक र न्यूनतम संख्याको बोलपत्र पेश भएमा मिति २०८३/०३/११ गते दिउँसो ३:०० बजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिद कर्ता प्रतिनिधि उपस्थित नभए पनि र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिनेछ ।

८. लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता र कर चुक्ताको प्रमाणपत्र उद्योग दर्ता मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाण पत्र र स्थायी लेखा नम्वर (PAN) र डिबिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपिहरु बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. सकार रकम अंक र अक्षरमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पाइएमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा वदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाइ निहित रहनेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मूल्य , मू.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाइ लिलाम भएको वन पैदावार तोकिएको समय भित्र प्रक्रिया पुरा गरी लैजानु पर्नेछ ।

१२. थप जानकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नुहोला ।

१३. अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

CamScanner